# महालक्ष्मी विकास बैंक लिमिटेड
## केन्द्रीय कार्यालय, दरवारमार्गको

# शीलबन्दी दरभाउ पत्र पेश गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०४/०८ गते

यस बैंकको लागि आवश्यक Fire Proof Filling Cabinet (Two hour fire resistance) खरिद गर्नुपर्ने भएकोले योग्य फर्म तथा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शीलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## आवश्यक शर्त तथा बन्देजहरु :

१. **शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति, खोल्ने मिति र स्थान :** शीलवन्दी दरभाउपत्र यो सूचना प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, दरवारमार्गको सामान्य सेवा विभागमा बुझाउन सकिने छ। रितपूर्वक पर्न आएका शीलवन्दी दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको २.०० बजे सामान्य सेवा विभागमा शीलबन्दी दरभाउपत्रदाता/निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। शीलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

२. बैंकले निर्धारण तथा प्रमाणित गरेको सक्कल टेण्डर फारममा नै दरभाउ भरिएको हुनु पर्नेछ। प्रतिलिपी वा फोटोकपिमा भरिएको दरभाउलाई मान्यता दिइने छैन। टेण्डर फारम यस बैंकको केन्द्रीय कार्यालयको सामान्य सेवा विभागबाट रु.२,०००।- (रु. दुइ हजार मात्र) फिर्ता नहुने गरी यस बैंकको कुनै पनि शाखामा जम्मा गरिएको सक्कल भौचर पेश गरि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको १२.०० बजे सम्म खरिद गर्न सकिनेछ।

३. दरभाउ पत्रमा दररेट उल्लेख गर्दा दर रेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ।

४. शीलवन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु हुनेछन्।

५. म्याद नाघी प्राप्त भएको वा रीत नपुगेको वा पूर्व शर्त राखी प्राप्त भएका वा फर्म/कम्पनीको वैधानिकता पुष्टी हुने कागजात समावेश नभएको शीलबन्दी दरभाउपत्रहरु उपर कुनै कारवाही हुनेछैन।

६. कम्पनी वा फर्मको ग्राहयता प्रमाणित गर्ने निम्न कागजातहरुको प्रतिलिपि शीलबन्दी दरभाउपत्रका साथ (शीलबन्दी खाम भित्रै) पेश गर्नुपर्नेछ।
   - क) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र।
   - ख) व्यवसाय दर्ताको इजाजतपत्र (नविकरण सहित)
   - ग) मूल्यअभिवृद्धि कर र स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाण पत्रको प्रतिलिपि।
   - घ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

७. बैंकको हितमा कुनै पनि शीलबन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने, वा आंशिक स्वीकृत गर्ने अधिकार यस बैंकमा निहित रहनेछ।

८. यस सम्बन्धी थप केही कुरा बुझ्न परेमा यस बैंकको सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिनेछ।


**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं. ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८

Find us on facebook /mahalaxmibikasbank/
www.mahalaxmibank.com


सबल बैंक, सफल सहकार्य